प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

कोशी प्रदेश, विराटनगर,नेपाल

पत्र संख्याः २०८०।०८१
चलानी नं: १४५१

मितिः २०८१/०१/१३

## विषयः युवा वैज्ञानिक सम्मेलन कार्यक्रममा सहभागिता सम्वन्धी सूचना ।

सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, विरेन्द्रनगरको च न १४३९, मिति २०८१/०१/१० को प्राप्त पत्रानुसार सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश र मध्यपश्चिम विश्वविद्यालय, ग्र्याजुयट स्कुल अफ साइन्स एण्ड टेक्नोलोजी, कर्णाली प्रदेशको सहकार्यमा मिति २०८१/०१/२७ र २८ गते वीरेन्द्रनगर, सुर्खेतमा सञ्चालन हुने भएकोले १६ देखि ४० बर्ष उमेरका कोशी प्रदेशका युवा वैज्ञानिकहरुका लागि समेत सूचना सम्प्रेषणका लागि अनुरोध भई आएकोले इच्छुक युवा वैज्ञानिकहरुले आफूले गरेको वैज्ञानिक खोज, सर्वेक्षण, अनुसन्धानको विवरण एवम् आफ्नो वायोडाटा सहित dean.gsst@mu.edu.np मा प्रस्तुति (मौखिक तथा पोष्टर) तथा प्रदर्शनीका लागि मिति २०८१/०१/२४ भित्र पठाइ सहभागि हुनुहुन अनुरोध छ ।सूचनाको विस्तृत व्यहोराका लागि सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, विरेन्द्रनगरको संलग्न पत्र तथा सूचना अध्ययन गर्नुहुन समेत अनुरोध छ ।

सूचना बमोजिम अन्य थप जानकारीका लागि मध्यपश्चिम विश्वविद्यालय, ग्र्याजुयट स्कुल अफ साइन्स एण्ड टेक्नोलोजी को सम्पर्क नं ०८३-५२०१७३ र सामाजिक विकास मन्त्रालय सुर्खेतको सम्पर्क नं ९८५८०७१४१५ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

२०८१/०१ [illegible]

फणिन्द्र खत्री
उपसचिव

कर्णाली प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

सम्पर्क नं.
०८३-५२३६७२

पत्र संख्या: २०८०/०८१
चलानीनं.: 9४35

मितिः २०८१/०१/१०

विषय : युवा वैज्ञानिक सम्मेलन कार्यक्रममा सहभागिता सम्बन्धमा ।

श्री सामाजिक विकास मन्त्रालय,
सुदुरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

श्री सामाजिक विकास मन्त्रालय,
राप्ती उपत्यका (देउखुरी), नेपाल ।

श्री सामाजिक विकास मन्त्रालय,
वाग्मति प्रदेश ,हेटौंडा, नेपाल ।

श्री शिक्षा तथा संस्कृति मन्त्रालय,
जनकपुरधाम, धनुषा, नेपाल ।

श्री युवा तथा खेलकुद मन्त्रालय,
गण्डकी प्रदेश, पोखरा, नेपाल ।

श्री सामाजिक विकास मन्त्रालय,
कोशी प्रदेश, विराटनगर, नेपाल ।

सामाजिक विकास मन्त्रालय
कोशी प्रदेश
दर्ता नं. 8020
मिति: 081/01/12

प्रस्तुत विषयमा यस मन्त्रालयको आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रममा रहेको युवा वैज्ञानिक सम्मेलन (राष्ट्रिय युवा परिषद सानोठिमी भक्तपुरबाट प्राप्त संघीय सशर्त अनुदान) कार्यक्रम सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश र मध्यपश्चमिम विश्वविद्यालय, ग्र्याजुयट स्कुल अफ साइन्स एण्ड टेक्नोलोजी, कर्णाली प्रदेशको सहकार्यमा मिति २०८१/०१/२७ र २८ गते वीरेन्द्रनगर, सुर्खेतमा सञ्चालन हुने भएकाले १६ देखि ४० वर्ष उमेर समुहका युवा वैज्ञानिकहरुको सहभागिताका लागि तहाँ प्रदेश अन्तर्गतका युवा वैज्ञानिकलाई सूचना प्रवाह गरी सहजीकरण गरी दिनु हुन अनुरोध छ । साथै यस सम्बन्धी सूचना यसै पत्र साथ संलग्न राखि पठाइएको व्यहोरा अनुरोध छ ।

नोट : कार्यक्रममा सहभागी हुन आउदा आर्थिक व्ययभार सम्बन्धित पक्षले नै व्यहोर्नु पर्ने छ ।

जवाहरलाल हमाल
अधिकृत दशौं

# युवा वैज्ञानिक सम्मेलन कार्यक्रममा सहभागिता सम्बन्धी सूचना

सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतको आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रममा रहेको युवा वैज्ञानिक सम्मेलन (राष्ट्रिय युवा परिषद सानोठिमी भक्तपुरबाट प्राप्त संघीय सशर्त अनुदान) कार्यक्रम सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश र मध्यपश्चिमिम विश्वविद्यालय, ग्र्याजुयट स्कुल अफ साइन्स एण्ड टेक्नोलोजी कर्णाली प्रदेशको सहकार्यमा मिति २०८१/०१/२७ र २८ गते वीरेन्द्रनगर, सुर्खेतमा सञ्चालन हुने भएकाले १६ देखि ४० वर्ष उमेर समुहका युवा वैज्ञानिकहरुले आफूले गरेको वैज्ञानिक खोज, सर्वेक्षण, अनुसन्धानको विवरण एवम् आफ्नो बायोडाटा सहित dean.gsst@mu.edu.np को इमेल ठेगानामा प्रस्तुति (मौखिक तथा पोस्टर) तथा प्रदर्शनी का लागि मिति २०८१/०१/२४ गते भित्र पठाउन हुन अनुरोध छ । प्राप्त निवेदनको अध्ययन गरी युवा वैज्ञानिकलाई सम्मेलनमा सहभागी गराइने व्यहोरा अनुरोध छ ।

साथै अन्य थप जानकारीका लागि फोन नं ०८३-५२०१७३ (डिन कार्यालय) ग्र्याजुएट स्कुल अफ साइन्स एण्ड टेक्नोलोजी मध्यपश्चिम विश्वविद्यालय सुर्खेत वा सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश सुर्खेतको युवा तथा खेलकुद महाशाखाको मोवाइल नं. ९८५८०७१४१५ मा सम्पर्क गर्न हुन अनुरोध छ ।

२०८१/१/१०